# गैरआवासीय नेपाली सँघ
# युरोप बैठकद्वारा प्रस्तावित विधान संशोधन प्रस्ताव




**प्रेषित:**

बिधान संशोधन समिती, गैरआवासीय नेपाली सँघ

**बोधार्थ:**

डा. उपेन्द्र महतो, अध्यक्ष, गैरआवासीय नेपाली सँघ

राम प्रताप थापा, उपाध्यक्ष (युरोप), गैरआवासीय नेपाली सँघ

चिरन्जिवी ढकाल, संयोजक, युरोपीयन बैठक आयोजक समिति

**<u>संशोधन प्रतिवेदन प्रस्तोता</u>**

डा. हेम राज शर्मा

२००७ अगष्ट १०, बेलायत

**बिषय सुची**


१. भुमिका ........................................................................ 3

२. प्रस्तावित विधान तथा आईसिसि र एनसिसि विचको सम्बन्धमा बैठकमा प्रस्तुत कार्यपत्र ........ 3

२.१ प्रस्तावित विधान माथी टिप्पणीको सार ........................................ 3

२.२ एनआरएनको परिभाषा ........................................................ 4

२.३ निर्वाचन पद्दती ............................................................. 5

२.४ एनसिसि र आईसिसि विच समन्वय .............................................. 6

३. संभावित सँस्थागत संरचना र निर्वाचन प्रणाली ...................................... 7

४. बैठकद्वारा सहमती गरिएका संसोधन प्रस्तावहरु (बुदाँगतरुपमा) ......................... 8

५. संशोधित विधानको कार्वान्यवन ................................................... 10

६. संदर्भ सामाग्रीहरु ............................................................. 10

## १. भुमिका

२००५ अक्टोबरमा काठमाडौमा सम्पन्न गैरआवासीय नेपाली संघ (एनआरएनए) को दोश्रो बिश्व सम्मेलन र २००६ जुनमा जर्मनीको बोनमा सम्पन्न क्षेत्रीय सम्मेलन पश्चात बसेको अर्न्तराष्ट्रिय समन्वय समितिको आठौ बैठकद्वारा प्रस्ताबित सुझावको आधारमा एनआरएनको मौजुदा विधान [i] लाई विधान संशोधन समितिद्वारा परिमार्जित गरी “प्रस्ताबित विधान” तयार पारिएको छ [ii]। “प्रस्ताबित विधान” माथी राष्ट्रिय समन्वय समितिहरु (एनसिसि) र अर्न्तराष्ट्रिय समन्वय समिति (आइसिसि) ले छलफल गरी आगामी अक्टोवरमा हुने तेश्रो बिश्व सम्मेलन (साधरण सभा) मा पेश गरिने योजना रहेको छ। यसै क्रममा मिति २००७ जुलाई २२ मा बेलायतको अल्डरसर्टमा भएको एनआरएनका युरोप क्षेत्रका आइसिसि र एनसिसिका प्रतिनिधिहरुको संयुक्त बैठकमा एनआरएनको संस्थागत बिकास गर्न र आइसिसि र एनसिसिहरुका बिच समुचित समन्वयका लागि प्रस्तावित विधानमा परिमार्जित गर्ने सहमती भएको थियो [iii]। उक्त बैठकमा प्रस्तुत विधान संशोधन समन्धि कार्यपत्र माथी भएको छलफलको आधारमा संशोधन प्रस्ताव तयार गरी “विधान संशोधन समितिलाई” पेश गर्न मलाई आग्रह भए अनुसार “संशोधन प्रस्ताव” पेश गर्ने अनुमती चाहन्छु।

बैठकमा अनुपस्थित सदस्यहरुलाई विधान संशोधन गर्नु पर्ने कारणबारे बैठकमा भएको छलफलको जानाकारी होस भन्ने हेतुले बैठकमा प्रस्तुत कार्यपत्रलाई यस प्रतिबेदनको खण्ड २ मा प्रस्तुत गरिएको छ। खण्ड ३ मा एनसिसि र आइसिसि विच उचित समन्वय राख्न र संभावित नयाँ निर्वाचनका पद्दति प्रस्तावित गरिनेछ भने खण्ड ५ मा बुँदागत रुपमा संसोधन प्रस्ताव पेश गरिनेछ। विधानको कार्वान्यनको शुरुवातबारे खण्ड ५ मा ब्याख्या गरिनेछ।

## २. प्रस्तावित विधान तथा आईसिसि र एनसिसि विचको सम्बन्धमा बैठकमा प्रस्तुत कार्यपत्र

### २.१ प्रस्तावित विधान माथी टिप्पणीको सार

बिगत चार वर्षमा मुलुक भित्र र बाहिर चलाएको एनआरएन अभियानलाई एउटा सशक्त अन्तराष्ट्रिय सँस्थाको रुपमा बिकास गरी परिकल्पित परियोजना, आस्वासन र देशप्रती केही गरौ भन्ने जागृत भावनालाई कार्वायन्यनको तहमा पुर्याउन सहयोगी हुने खालको विधान निर्माण गर्नु पर्ने एनआरएनको अहिलेको प्राथमिकताको बिषय हो । साथै विधानले यस्तो संयन्त्रको बिकास गर्न जरुरी छ जसले बढी भन्दा बढी गैरआवासीय नेपालीहरुलाई एनआरएन अभियानमा समाहित गर्न, एनआएनका राष्ट्रिय र अर्न्तराष्ट्रिय निकायहरु विच समुचित समन्वय राख्न, तथा बैचारिक र आर्थिक रुपमा सँस्थाको स्थायित्व कायम गर्न सहयोगी होस। तर प्रस्तावित विधानले यी सबैकुराहरु सम्वोधन गर्न सकेको छैन। विधानका सकरात्मक, चुनौतिपुर्ण र नकरात्मक पक्षहरुलाई सारांशमा निम्नानुसार टिप्पणी गर्न सकिन्छ।

- प्रस्तावित विधानले गैरआवासीय नेपालीको हकहित र सञ्जाल स्थापनामा प्राथमिकता दिएर लगानीको अलावा एनआरएनलाई सामाजिक सँस्थाको रुपमा बिकास गर्ने परिकल्पना गरेको छ (हेर्नुस प्रस्तावित विधानको च्याप्टर ६)।
- आईसिसि र एनसिसि बिच समुचित समन्वय राख्ने पद्दतीको अभाव खडकेको छ। खासगरी आईसिसि र एनसिसि बिच समानुपातित अधिकार रहनु पर्नेमा मौजुदा विधानमा भएका यस्ता अधिकारलाई समेत कम गरिएको छ।
- निती निर्माण देखि नेतृत्व चयन गर्ने जस्ता सँस्थाका महत्वपुर्ण निर्णयमा एनसिसिलाई प्रत्यक्ष सहभागी गराउने पद्दतीको अभाव रहेको छ। आइसिसि सदस्यहरु र काठमाडौमा सम्पन्न हुने बिश्व सम्मेलनका

सहभागीहरुलाई बढि निर्णायक भुमिका प्रदान गरिएकोले निती निर्माण र नेतृत्व चयनमा सबै खालका गैरआवासिय नेपालीहरुको पहुच पुग्ने संभावना कम रहने छ। प्रस्तावित संस्थागत समरचना र नेतृत्व चयन पद्दति यसर्थ पनि बैज्ञानिक र समाबेसी छैन।

- सँस्थाको निम्ति अत्यावश्यक पक्षहरु जस्तै आचारसंहिता, अनुसाशन समिति, निर्वाचन समिति, सदस्यहरु सुसुचित हुन पाउने अधिकार, सँस्थाका परियोजना तथा सदस्यहरुको कार्यहरुको अनुगमन आदि बारे प्रस्तावित विधान मौन रहेको छ।

माथि उल्लेखित बुँदा मध्य केहीलाई बिस्तृतरुपमा तल ब्याख्या गरिएकोछ।

## २.२ एनआरएन्को परिभाषा

### भारत र भुटान लगायतका दक्षिण एशियाका देशवासी नेपाली समाबेश

प्रस्तावित विधानले एक आर्थीक वर्षमा १८२ दिन भन्दा बढी नेपाल बाहिर बस्ने सम्पुर्ण नेपालीलाई गैरआवासीय नेपालीमा परिभाषित गरेको छ। यस परिभाषा अनुसार भारत र भुटानमा बस्ने नेपाली वा नेपाली मुलुका बिदेशी नागरिक सबै एनआरएनमा पर्ने छन्। तर २०६२ भाद्रमा लालमोहर लागेको "गैरआवासीय नेपालीका सम्बन्धमा ब्यवस्था गर्न बनेको अध्यादेश" ले दक्षिण एशियाका राष्ट्रहरुमा रहेका नेपाली वा नेपाली मुलका बिदेशी नागरिकलाई एनआरएनमा समाबेस गरेको छैन [iv]। यसरी सरकारी र सँघको परिभाषा भिन्ना भिन्नै हुदा एनआरएन दर्ता लगायत कानुनी कुरामा झण्झट रहने संभावना हुन सक्छ।

भारत लगायतका सम्पुर्ण नेपालीहरुलाई एनआरएनमा संगठित गर्न सिद्दान्तत असम्भव नभए पनि, प्रवासी नेपालीका माग पुर्तीको लागि सरकारलाई दबाब सृजना गर्न सहयोगी भए पनि यो कदम अत्यन्तै महत्वकांक्षी र चुनौतीपुर्ण देखिन्छ। दक्षिण एशिया बाहेकका १४-१५ लाख नेपालीहरु मध्य अत्यन्त न्युन सँख्यालाई मात्र एनआरएन अभियानमा समाहित गर्न सकिएको अहिलेको यथार्थ परिस्थिति रहेको छ। हरेक राष्ट्रमा स्थापित एनआरएनका संगठित सदस्यहरु (registered members) को सँख्यालाई आधार मान्ने हो भने अहिले १ प्रतिशत भन्दा कम गैरआवासीय नेपालीहरु एनआरएन अभियानमा समाहित छन र यति सानो सँख्यामा रहेका सदस्यहरु बिच पनि राम्रो समन्वय गर्न सकिएको छैन। त्यसैले ठुलो सँख्यामा रहेका भारतवासी नेपालीलाई समाबेश गरी अगाडी बढ्ने त्यति सजिलो छैन। भारतमा बस्ने नेपालीहरुको भारत बसाईको अवधी प्रष्ट खुल्ने खालको प्रमाणको अभाव, नेपालमा ठुलो सँख्यामा भुटानी शरणार्थीको उपस्थिले गर्दा एनआरएनको निति निर्माण र नेतृत्व चयन (प्रस्तावित विधानको आधारमा चयन गर्ने हो भने) आदिमा नकरात्मक असर पर्ने देखिन्छ।

अत हाललाई भारतमा रहेका नेपाली संगठनहरुसँग साझा मुद्दामा सहकार्य गर्दै जाने र एनआरएनमा समाबेस गर्ने संभावनाको खोजी गर्दै मात्र जानु उपयुक्त देखिन्छ। एनआरएन अध्यक्षबाट आगामी बिश्व सम्मेलनमा भारतमा रहेका नेपाली संगठनहरुका प्रतिनिधीलाई पर्यबेक्षकको रुपमा आमन्त्रित गरिने कुरा यस अगाडी सार्वजनिक भएको छ [v], जुन कदम सहकार्यको लागि कोशे ढुङ्गा सावित हुन सक्छ।

### २.३ निर्वाचन पद्दती

**प्रमुख पदाधिकारीका सम्बन्धमा**

प्रस्तावित विधानमा आइसिसिका पदाधिकारीहरु (सदस्यहरु बाहेक) को निर्वाचन काठमाडौमा हरेक दुइ वर्षमा हुने सँघको साधारण सभामा सहभागी गैरआवासीय नेपालीहरुबाट हुने ब्यबस्था गरिएको छ। निर्वाचनमा भाग लिन सहभागीहरुले सम्बन्धित देशका एनसिसिमा आफ्नो नाम दर्ता गराउनु पर्ने बाध्यात्मक ब्यबस्था गरिएको छ तर यी सहभागीको स्पष्ट मापदण्ड किटान गरिएको छैन। जस्तै भनौ, यी सहभागीलाई सम्बन्धित देशका एनसिसिले सिफारिस गरिरहनु पर्दैन। त्यसैले नेतृत्व चयनमा एनसिसिको प्रत्यक्ष भुमिका रहने छैन। हरेक देशमा रहेका गैरआवासीय नेपालीहरुलाई प्रतिनिधित्व गर्ने एनसिसिहरुको सहभागीका बिना चयन गरिएको नेतृत्वले के सम्पुर्ण गैरआवासीय नेपालीहरुको प्रतिनिधित्व गर्ला भन्ने प्रश्न गर्ने ठाँउ रहनेछ। तेश्रो बिश्व सम्मेलनमा करिव १००० जना गैरआवासीय नेपालीहरुको सहभागिता रहने अपेक्षा गर्ने हो भने यो सँख्या १५ लाख नेपालीहरुको ०.०७ प्रतिशत मात्र हुनेछ। स्मरणीय रहोस दोश्रो बिश्व सम्मेलनमा ५०४ जनाको उपस्थिति थियो। तेश्रो बिश्व सम्मेलनमा यस भन्दा बढी सहभागीको अपेक्षा गरिएको छ।

यो बाहेक, भौगोलिक, आर्थिक, प्रशासनिक वा अन्य कारणले काठमाडौमा सम्पन्न हुने साधरण सभामा सम्पुर्ण देशहरुको समानुपातित प्रतिनिधित्व हुन नसक्ने भएकोले निश्चित देश र वर्गको नेतृत्व चयन तथा सँघको निति निर्माणमा बर्चस्व रहेनछ।

अत– नेतृत्व चयन र निती निर्माणमा एनसिसिहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहभागिता बनाउने पद्दतीको बिकास गर्नु जरुरी छ। जुलाई १४–१५ मा सिङ्गापुरमा सम्पन्न भएको एशिया प्यासिफिक भेलामा सहभागीले बिधुतिय वा अन्य प्रणालीको सहायताले नेतृत्व चयनमा प्रत्यक्ष भाग लिन पाउनु पर्ने आवाज उठाएका छन। यस्तो प्रणालीको बिकाश भयो भने संबिधान सभामा देश बाहिरबाट मतदान गर्न सकिने नमुनाको प्रदर्शन हुने थियो। तर संगठन मजबुत नभएको अहिलेको अबस्थामा प्रत्यक्ष मतदानको ब्यबस्था गर्न तत्काललाई संभव नदेखिए पनि अप्रत्यक्ष सहभागिताको संभावना रहेको छ (हेर्नुस खण्ड ३ मा)।

**सदस्यहरुका संबन्धमा**

आइसिसिका सदस्यहरुको निर्वाचन संबन्धमा, हरेक देशबाट एक एक जना आइसिसिका सदस्य रहने ब्यबस्था हुदै आएको छ। प्रस्तावित विधानमा, हरेक देशका एनसिसिले आफ्नो देशको प्रतिनिधीको सिफारिस गर्ने र काठमाडौमा सम्पन्न हुने साधरण सभाका सम्बन्धित देशका बहुमत प्रतिनिधिले अनुमोदन गर्ने ब्यबस्था गरिएको छ। अर्थात, आईसिसि सदस्य निर्वाचित गर्ने अन्तिम अधिकार एनसिसिमा रहेको छैन। यो ब्यबस्था बोन मिटिङको निर्णयसँग मेल खादैन। बोन मिटिङमा आइसिसि सदस्य चयन गर्ने पुर्ण अधिकार एनसिसिलाई प्रदान गर्ने निर्णय भएको थियो [[vi]]।

एनसिसि स्थापना नभएका देशहरुबाट पनि आइसिसि सदस्यहरु रहने ब्यबस्था गरिएको छ। यस्ता देशहरुबाट आईसिसिमा प्रतिनिधित्व गर्नका लागि निश्चित मापदण्डको परिभाषित गर्नु बढी ब्यबहारिक देखिन्छ। अन्यथा आइसिसि पदाधिकारीहरुको सँख्या अत्यन्तै बढि हुन जाने र संगठनमा चुस्त निर्णयहरु लिन तथा बैठकको कोराम आदीमा कठिनाई पर्ने देखिन्छ।

### २.४ एनसिसि र आईसिसि विच समन्वय

आईसिसि र एनसिसि विचको उचित समन्वयम राख्नका लागि निम्न बिषयहरु विधानमा समावेश हुनु जरुरी छ।

- आईसिसि र एनसिसि बिच समानुपातित अधिकार हुनु पर्ने तर यो बिषयलाई प्रस्तावित विधालले संवोधन गर्न सकेको छैन। यसका केही उदाहरण यस प्रकार छन्।
  - मौजुदा विधानमा एनसिसिका अध्यक्ष र संयोजकले आइसिसिका बैठकहरुमा भाग लिन पाउने र आइसिसिका सदस्यहरुले एनसिसिको बैठकमा भाग लिन पाउने ब्यबस्था गरिएको छ। प्रस्तावित विधानले एनसिसिका अध्यक्ष र संयोजकले आइसिसिका बैठकहरुमा भाग लिन पाउने अधिकारलाई हटाएको छ भने आईसिसिका सदस्यहरुको अधिकार कायम राखेको छ। (च्याप्टर २४.४) (यधपी मौजुदा विधानको यस ब्यबस्थालाई आइसिसिले पुर्णरुपमा र कुनै कुनै देशमा एनसिसिले पनि बेवास्था गर्दै आएका छन्। विधानमा ब्यबस्था भए बमोजिम आइसिसका नियमित बैठकहरुमा (बिधुतिय बैठक, टेलिफोन बैठक र भौतिक भेटघाटमा हुने बैठक सबै) एनसिसिका पदाधिकारिहरुलाई सहभागिता गराउने काम त भएको छैन नै बैठक र बैठकका निर्णयहरु बारे एनसिसिलाई नियमित सुचना दिने काम समेत भएको छैन)।
  - प्रस्तावित विधानमा आइसिसिले एनसिसिलाई भङ्ग गर्न सक्ने अधिकार दिईएको छ (च्याप्टर १६.७)। एनसिसिको प्रत्यक्ष वा अप्रत्यक्ष सहभागिता विना बनेको आइसिसिले प्रत्यक्ष निर्वाचनवाट छानिएका एनसिसिहरु (हाल धेरै जसो एनसिसि प्रत्यक्ष निर्वाचनवाट छानिएको अबस्था छ जस्तो भनौ हालको एनसिसि युके) लाई भङ्ग गर्ने प्रावधान ब्यबहारिक देखिदैन। बहुमत एनसिसिले आइसिसिलाई अविश्वासको प्रस्ताव ल्याउन सक्ने वा नसक्ने कुरामा प्रस्तावित विधानमा केही उल्लेख छैन।
  - प्रस्तावित विधानमा आइसिसिका बहुमत सदस्यहरुले बिशेष साधारण सभा बोलाउन सक्ने ब्यबस्था गरेको छ (च्याप्टर १५)। तर बहुमत एनसिसिले बिशेष साधारण सभा बोलाउन सक्ने ब्यबस्था गरिएको छैन। यसको अर्थ आइसिसिका बिरुद्द अविस्वासको प्रस्ताव ल्याउन सक्ने ब्यबस्था गरिएको छैन अर्थात आइसिसिलाई सर्वोच्च अधिकार दिईएकोछ। एनसिसिको प्रत्यक्ष वा अप्रत्यक्ष सहभागिताले निर्वाचित आइसिसि भएको खण्डमा यस्तो ब्यबस्था अस्वभाविक नभए पनि प्रस्तावित पद्दतीद्वारा निर्वाचित आइसिसिलाई यस्तो अधिकार रहनु अबैज्ञानिक देखिन्छ।
  - प्रस्तावित विधानको खण्ड २०.४ मा भनिएको छ, एनसिसिले नियमित रुपमा आफ्ना गतिबिधीको सुचना आइसिसिमा पठाउनु पर्ने। तर आइसिसिका गतिबिधिहरु र निर्णयका बारे सुसुचित हुन पाउनु पर्ने एनसिसिको अधिकारबारे उल्लेख गरिएको छैन।

- आइसिसि र एनसिसि बिच सुचनाको प्रवाह नियमित र पारदर्शी हुनु पर्छ। आइसिसि र एनसिसि बिच सुचना प्रवाहको केन्द्र काठमाडौ स्थित सचिवालय हुनु पर्छ। प्रस्तावित विधानमा सुचनाको केन्द्र बिन्दु आइसिसि सदस्य रहने भनिएको छ (च्याप्टर २०.४ )। तर ब्यस्थता वा ईच्छाशक्तिको कारणले आइसिसिका सदस्यहरुबाट आइसिसिका गतिबिधी र बैठकका निर्णयहरु बारे एनसिसिले नियमित सुचना प्राप्त गर्न नसेको वा एनसिसिका सुचनाहरु आइसिसिमा पुर्याउन नसकेको अवस्था अधिकांश देशमा बिधमान छ। त्यसैले अहिलेको यो असफल प्रयोगलाई निरन्तरता दिनु भन्दा सचिवालयलाई सुचनाको

केन्द्र बिन्दु बनायो बढि नियमित हुने (वेतन प्राप्त कर्मचारीको ब्यबस्था हुने हुदा) र आएसिसि सदस्य र एनसिसि बिच सुचनाको बिषयलाई लिएर खटपट हुने छैन।

- सँस्थाका महत्वपुर्ण निर्णयहरु, निति निर्माण, नेतृत्व चयनमा एनससिसिलाई प्रत्यक्ष वा अप्रत्यक्षरुपमा सहभागी गराउनु पर्छ। माथि उल्लेख गरिए अनुसार, प्रस्तावित विधानले यी बिषयहरुमा एनसिसिलाई प्रयाप्त भुमिका प्रदान गरेको छैन।

- आइसिसि सदस्यहरु र एनसिसिको अधिकारको दायरा स्पष्ट छुट्टिनु पर्छ। आइसिसि सदस्यहरु सँघको निती निर्माण, सँघमा आइपर्ने नितिगत समस्या र समाधान, केन्द्रिय परियोजनाहरुको अनुगमन, सरकार, राजनैतिक पार्टिहरु, मेडियासँगको सुमधुर सम्बन्ध कायम राख्न, र एनआएन बारे जनचासोका बिषयहरुमा केन्द्रिकृत हुनु पर्ने जरुरी छ, भने एनसिसिहरु स्थानीय मुद्दाहरु केन्द्रित हुनु पर्छ। साथमा आम प्रवासी नेपालीहरु र एनआरएको सिङ्गो अभियानसँग चासो राख्ने बिषयहरुमा आएसिसिले नेतृत्व लिनु पर्ने जरुरी छ। गत साल लण्डनमा सम्पन्न आठ पार्टिका नेताहरुसँगको अन्तरकृया (जुन एनआरएन र नयाँ सरकार बिच सुमधुर सम्बन्धको शुरुवात गर्न महत्वपुर्ण थियो) र टोकियोमा सम्पन्न "प्रवासीलाई मतदान" बिषयक अन्तरकृया जस्ता कार्यक्रमहरुमा आइसिसिको प्रभावशाली नेतृत्वको अभाव खड्किएको छ।

विधानमा निम्मानुसार परिमार्जित गर्न सकेको खण्डमा माथि उल्लेखित बिषयहरुलाई संबोधन गर्न सकिने छ।

### ३. संभावित सँस्थागत संरचना र निर्वाचन प्रणाली

एनसिसि र आइसिसि विच सजिव समन्वय राख्न, एनसिसिलाई अधिकार सम्पन्न गर्न र सँस्थालाई बढी भन्दा बढी पारदर्शी, समावेशी र बैज्ञानिक गर्न विधानमा निम्न ब्यबस्था गर्न सकिन्छ।

- हरेक एनसिसिले बिश्व सम्मेलन भन्दा बढिमा ६ महिना पहिले राष्ट्रिय अधिबेशन सम्पन्न गर्ने र उक्त अधिबेशनमा आफ्ना नियमित गतिबिधि बाहेर निम्न निर्णयहरु गर्ने।
  - बिश्व सम्मेलनका लागी निश्चित सँख्यामा प्रतिनिधिहरुको छनोट गर्ने।
  - आफ्नो देशबाट प्रतिनिधित्व गर्ने आईसिसि सदस्यको चयन गर्ने।
  - बिश्व सम्मेलनमा पेश गर्नका लागि बार्षिक प्रतिबेदन र भावी परियोजनाको तयार गर्न।

- हरेक देशबाट छानिने बिश्व सम्मेलन प्रतिनिधिहरुको सँख्याको आधार सम्बन्धित देशमा दर्ता भएका संगठित सदस्यहरुको सँख्या हुनु पर्ने। जस्तो भनौ "क" र "ख" देशमा १०० र ५०० जना संगठित सदस्यहरु छन भने "क" र "ख" देशबाट बिश्व सम्मेलन जाने प्रतिनिधिहरुको अनुपात १:५ रहनु पर्ने।

- हरेक देशबाट जाने बिश्व सम्मेल प्रतिनिधीहरु समाबेस गरी सँघको सर्बोच्च अधिकार सम्पन्न एउटा "एनआरएन बिश्व परिषद" को निर्माण गर्ने, जसले सँघको निति निर्माण, सँस्थाको संरचना, नेतृत्व चयन, बिशेष अधिबेशन आदी कुरामा निर्णय लिन सकोस। सचित्र बर्णनको लागि परिच्छेद १ मा हेर्नुस।

**माथि उल्लेखित ब्यबस्थाले निम्न बिषयलाई संवोधन गर्नेछ।**

- केन्द्रिय नेतृत्व चयन र निति निर्माणमा हरेक संगठित सदस्यहरुको अप्रत्यक्ष सहभागिता हुनेछ र यी प्रकृयामा काठमाडौ पुग्न नसक्ने सबै वर्गका गैरआवासीय सदस्यहरुको बिचारको पहुच पुग्नेछ।
- अधिबेशन प्रतिनिधी हुन हरेक देशमा राष्ट्रिय अधिबेशन हुनु पर्ने मापदण्डको स्थापना हुनेछ (हाल कतिपय देशमा तसर्थ समिति लामो समय कार्यरत रहेका छन)।
- एनसिसिबाट संगठित सदस्यहरुको सँख्याको आधारमा निश्चित सँख्यामा प्रतिनिधी छनोट गर्दा एसिसिहरु संगठित सदस्यहरुको सँख्या बढाउन उत्प्रेरित हुने र सदस्यता शुल्कबाट प्राप्त हुने २५ प्रतिशत रकमले काठमाडौको सचिवालय सञ्चालनको लागि आर्थिक सहयोग हुनेछ।
- २५ प्रतिशत रकम एनसिसिले प्रदान गरे पछि मात्र बिश्व सम्मेलन प्रतिनिधिहरुलाई मान्यता दिने ब्यबस्था गर्यो भने एनसिसिलाई २५ प्रतिशत रकम बुझाउन बाध्यता हुनेछ। स्मरणिय रहोस कुनै संयन्त्रको बिकाश हुन नसक्दा एनसिसिबाट उठ्नु पर्ने रकम आईसिसिलाई प्राप्त भएको छैन।
- बिश्व सम्मेलनमा हरेक देशका एनसिसिले बार्षिक प्रतिबेदन र भावी परियोजना पेश गर्ने भएकोले एनसिसि एनसिसि विच राम्रो सुचनाको प्रभाह हुनेछ र एनसिसिका परियोजनाहरुलाई बिश्वब्यापी बनाउने मौका मिल्ने छ।

**माथि उल्लेखित ब्यबस्थाका अफ्ठ्याराहरु यस्ता हुन सक्छन-**

कतिपय एनसिसिहरुको अधिबेशन हुने निश्चित समय अबधि बिधानमा किटान भएकोले (जस्तो भनौ हालको एनआरएन जापानको विधान अनुसार जापान एनसिसिको अधिबेसन मे महिना २००८, २०१० आदि सालमा हुनु पर्छ) सबै देशमा एक साथ (६ महिना भित्रको अन्तरमा) अधिबेशन गर्न तत्काल संभव नहुन सक्छ। तर २००९ को ग्लोबल सम्मेलन सम्म यसलाई कार्वान्यन गर्न संभव छ। अधिबेशन हुन नसक्ने अबस्थामा ग्लोबल सम्मेलनका प्रतिनिधि र आइसिसि सदस्य मनोनयन गर्न अन्तरिम ब्यबस्था स्वरुप एनसिसिलाई अधिकार दिन सकिनेछ।

## ४. बैठकद्वारा सहमती गरिएका संशोधन प्रस्तावहरु (बुदाँगतरुपमा)

**१. प्रस्तावना**

प्रस्तावनामा सँघको स्थापाना गैरआवासीय नेपालीहरुको हक हितको लागि स्थापना भएको स्पष्टभाषामा लेखिनु पर्ने।

**२. Chapter 5.1 (परिभाषा) & Chapter 7.1 & 8.1 (सदस्यता)**

नेपाल सरकारले गैरआवासिय नेपालीहरु संबन्धी कानुन ल्याउदा (हाल संसदमा यस सम्बन्धी छलफल भइराखेको छ) बिध्यमान एनआरएनको परिभाषामा परिवर्तन हुने संभावना भए पनि हाललाई गैरआवासीय नेपालीका सम्बन्धमा ब्यवस्था गर्न बनेको अध्यादेश सँग मेल खाने गरी एनआएनलाई परिभाषित गरिनु पर्ने।

**३. Chapter 15 (बिशेष अधिबेशन)**

बिशेष अधिबेशन बोलाउने अधिकार आइसिसि सदस्यहरुको साधारण बहुमत नभई कम्तिमा दुई तिहाई सदस्यहरुमा हुनु पर्ने। बिशेष अधिबेशन माग गर्न सक्ने अधिकार उचित मापदण्डका साथ एनसिसिलाई पनि प्रदान गर्नु पर्ने।

४. **Chapter 18 (सचिवालयको कर्तब्य)**
सचिवालयले एनसिसि र आइसिसिका बिच सुचनाहरु (कार्यक्रमहरु, बैठकका निर्णयहरु) आदिको आदान प्रदान नियमित रुपमा गर्नु पर्ने, थप ब्यबस्था हुनु पर्ने।

५. **Chapter 19 (निर्वाचन प्रकृया)**
- यस रिपोर्टको खण्ड ३ मा ब्याख्या गरिए अनुसार, एनसिसिले आफ्नो देशमा दर्ता भएका संगठित सदस्यहरुको सँख्याको आधारमा निश्चित सँख्यामा बिश्व सम्मेलन प्रतिनिधिहरुको मनोनयन गर्ने र यिनै प्रतिनिधिबाट आइसिसिका पदाधिकारीहरु (सदस्य बाहेकका) निर्वाचन गर्ने।
- आईसिसि सदस्यहरुको चयनको पुर्ण अधिकार बोन बैठकमा निर्णय भए बमोजिम एनसिसिलाई प्रदान गर्ने।
- निर्वाचनको ब्यबस्था गर्न ग्लोबल सम्मेलन भन्दा कम्तिमा एक महिना पहिले आइसिसिले कम्तिमा पाँच सदस्यीय निर्वाचन समिति (एक संयोजक सहित) बनाउने।

६. **Chapter 22.2 (अन्तर्राष्ट्रिय संयोजकको काम र कर्तब्य)**
अन्तराष्ट्रिय संयोजकले बार्षिक प्रगति प्रतिबेदन ग्लोबल कन्फरेन्स भन्दा कम्तिमा एक महिना पहिले एनसिससिलाई पेश गर्नु पर्ने बुँदा थपिनु पर्ने।

७. **Chapter 22.3 (एनसिसिको बनावट)**
एनसिसिमा एक अध्यक्ष, दुई उपाध्क्ष, एक राष्ट्रिय संयोजक, एक सहसंयोजक, एक कोषाध्यक्ष रहने मौजुदा विधानको ब्यबस्थालाई कायम राख्नु पर्ने।

८. **Chapter 22.4 (आईसिसि सदस्यको काम र कर्तब्य)**
आईसिसि सदस्यको एनसिसि बैठकमा मतदान गर्ने अधिकार नहुने मौजुदा विधानको ब्यबस्थालाई निरन्तरता दिनु पर्ने।

९. **Chapter 24 (एनसिसिको काम र कर्तब्य)**
- एनसिसि अध्यक्ष र संयोजकले आइसिसि बैठकमा भाग लिन पाउने (मतदान अधिकार बिना) मौजुदा विधानको ब्यबस्थालाई निरन्तरा दिनु पर्ने।
- एनसिसिले आफ्नो देशबाट प्रतिनिधित्व गर्ने आइसिसि सदस्यलाई फिर्ता बोलाउन सक्ने अधिकार दिनु पर्ने [vii]।

१०. **अनुसासन समिति**
सँस्थामा हुने अनियमिता र नेतृत्वमा बस्नेहरुको खराब आचरणबारे छानबिन र कार्वाहीको सिफारिस गर्न अनुसासन समितिको ब्यबस्था हुनु पर्ने।

११. **आचार संहिता (Code of conduct)**

सस्थाका बिभिन्न निकायका लागि आचारसंहिता बिधानमा समावेश हुनु पर्ने।

**१२. आइसिसि र एनसिसि बिच समन्वय**

आइसिसि र एनसिसि विच समन्वय राख्न खण्ड ३ मा पेश गरिएका अन्य सुझावहरु समावेश गर्नु पर्ने।

## ५. संशोधित विधानको कार्वान्यवन

नियमत कुनै पनि सँस्थाको साधरण सभाले पारित गरे पछि मात्र विधानले बैधानिकता पाउछ। बोन बैठक, लण्डन बैठक, सिङ्गापुर बैठक वा आइसिसिका नियमित बैठकहरुले विधान संसोधनका लागि केवल प्रस्ताव मात्र गर्न सक्छ। त्यसैले अक्टोवरमा हुने साधरण सभामा मौजुदा विधानको आधारमा (प्रस्तावित विधानको आधारमा नभइ) निर्वाचन हुनु पर्छ भन्ने भनाई बैठकका एक थरी सहभागीको थियो। तर सामन्य प्रचलनको कुरा के हुन्छ भने साधारण सभाको शुरुमा विधान पारित गरि त्यही विधानको आधारमा निर्वाचन गरिन्छ। तर कतिपय बैधानिक प्रकृयाहरु साधारण सभा भन्दा पहिले नै शुरु गर्नु पर्ने हुन्छ। जस्तै- प्रस्तावित विधानले आइसिसिको सदस्यलाई एनसिसिले सिफारिस गर्ने ब्यबस्था गरेको छ, जुन प्रकृया साधारणसभा भन्दा पहिले सम्पन्न हुनु पर्छ। त्यसैले, सबै भन्दा महत्वपुर्ण कुरा के हो भने आइसिसि र एनसिसि बिचको सहमती र समझदारीले विधानलाई अन्तिमरुप दिने र यही मसौदा बिधानको आधारमा साधरण सभापुर्वका प्रकृयाहरु थाल्ने। यी प्रकृयाहरुको बैधानिकताका लागि साधारण सभाको शुरुमा नै मसौदा विधान पास गर्ने। यो कुरा अहिले नै प्रष्ट हुनसकेन भने अधिबेशनमा निकै दुबिधा हुने देखिन्छ।

## ६. संदर्भ सामाग्रीहरु

---

[i] मौजुदा विधान भन्नाले दोश्रो बिश्व सम्मेलनबाट पारित हाल कार्वान्यनमा रहेको विधानलाई बुझिन्छ। यो विधान आएसिसिको होमपेजमा उपलब्ध छ http://www.nrn.org.np/nrna/constitution.php

[ii] प्रस्तावित विधान यसै साथ नथ्थी गरिएको छ।

[iii] युरोपियन बैठकका निर्णयहरु यसै साथ समाबेस गरिएको छ।

[iv] http://www.nrn.org.np/pdf/nrnordinance1.pdf

[v] एनआरएन जापानद्वारा प्रकाशित बार्षिक प्रकाशन "मातृभूमी नेपाल" २००७, पेज ३९

[vi] निर्णय नम्वर १.१० (बैठकका निर्णयहरु यसै साथ समाबेस गरिएको छ)।

[vii] तर फिर्ता बोलाउनु पर्ने अबस्थामाबारे स्पस्ट किटान हुनु आवश्यक छ। र साथमा आइसिसि सदस्यहरुले अपिल गर्ने निकाय (जस्तै अनुसाशन समिति) को ब्यबस्था गर्न सक्यो भने बढि प्रभावकारी हुनेछ।

परिच्छेद १: प्रस्तावित निर्वाचन पद्दती

